**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टङ्गाल, काठमाडौं**

मिति: २०८२।०९।२० गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला बाजुरा, बुढीगंगा नगरपालिकाको भवन निर्माण ठेक्का BM/NCB/W/01/077/78 मा मिलोमतो गरी भ्रष्टाचार गर्ने उद्देश्यले पूर्वनिर्धारित योग्यताको आधारमा अमुक निर्माण व्यवसायीसँग मिलि देशमा कतै नभएको योग्यताको आधार लिई, अनावश्यक रुपमा प्रतिस्पर्धा साँगुरो पारी ठेक्का लगाउने काम भएको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा बुढीगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आ.व. २०७८।७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत "नगर भवन निर्माण" मा रु.३,००,००,०००।- बजेट विनियोजन भई शुरु लागत अनुमान रु.११,५६,२५,३३३।०७ (VAT, PS, कन्टिजनेसी समेत) र परिमार्जित दोस्रो लागत अनुमान रु.१२,२४,८१,३८७।८१ (VAT, PS, कन्टिजनेसी समेत) सहितको बहुवर्षीय खरिद गुरुयोजना स्वीकृत गरी बुढीगंगा नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्यको बोलपत्र सम्बन्धी कागजातको सूचना मिति २०७८।३।३० गते, (Invitation for Bids No.: BM/NCB/W/०१/०७७/७८) प्रकाशन भएपछि बोलपत्र मूल्यांकन समितिले गरेको सिफारिसको आधारमा जाग्रिति/एम.के/नेपाल जेभीको बोलपत्र स्वीकृति र खरिद सम्झौताको टिप्पणी मिति २०७८।६।१८ गते स्वीकृत गरिएको र बुढीगंगा नगरपालिका र जाग्रिति/एम.के/नेपाल जे.भी बीच ठेक्का सम्झौता रकम रु ९,९४,५१,३६९।६९ (मूअक र PS सहित) सहित मिति २०७८।६।२४ गते ठेक्का सम्झौता भएको, बुढीगंगा नगरपालिकाको प्रशासनिक भवन निर्माणको कार्यसम्पन्न प्रतिवेदन मिति २०८०।१२।२५ गते जाग्रिति/एम.के/नेपाल जे.भीले नगरपालिकाको कार्यालय समक्ष पेश गरी कार्यसम्पन्न बापतको रकम रु १०,२२,१४,६१२।३८ (भ्याट, PS, भेरिएसन सहित) बुढीगंगा नगरपालिकाले जाग्रिति/एम.के/नेपाल जे.भीलाई भुक्तानी गरेकोसमेत देखिएको, बोलपत्र सम्बन्धी कागजातमा स्वीकृत भइसकेको मूल्यांकन तथा योग्यताको शर्त तथा मापदण्डलाई बदनियतपूर्वक चरणबद्ध संशोधनहरुबाट परिवर्तन गरिएको, मिति २०७८।४।२० गते बोलपत्र सम्बन्धी कागजातको पहिलो संशोधनबाट प्रतिस्पर्धालाई जानीजानी सीमित बनाउने उद्देश्यले सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून प्रतिकूल हुने गरी साइट भिजिटको अनिवार्य शर्त (Eligibility र Technical Bid's Mandatory Document) को रुपमा कायम गरिएको र भवन निर्माणको कार्यसँग असम्बद्ध १६m Highmast Lighting System/Pole र ४mp Full Colour AI Camera/CCTV जडान कार्यको विशेष कार्यअनुभबको शर्त थप गरिएको, मिति २०७८।४।२७ गते बोलपत्र सम्बन्धी कागजातको दोस्रो संशोधनबाट शुरु स्वीकृत सरदर Average Annual Construction Turnover को शर्तलाई लक्षित बोलपत्रदाता Jagriti/M.K/Nepal JV को वार्षिक कारोबार क्षमतालाई पुग्ने गरी घटाइएको, कानून विपरीत थप गरिएको साइट भिजिटको अनिवार्य शर्त र भवन निर्माणको कार्यसँग असम्बद्ध कार्यअनुभबको संशोधित शर्तहरुको आधारमा चारमध्ये एउटा मात्र लक्षित बोलपत्रदाता Jagriti/M.K/Nepal JV लाई प्राविधिक मूल्यांकनको चरणमा योग्य बनाई न्यून कबोल गर्ने अन्य बोलपत्रदाताहरुलाई प्राविधिक मूल्यांकनको चरणमै अनुत्तीर्ण गराएको, आर्थिक मूल्यांकनको चरणमा लक्षित बोलपत्रदाताको कबोल अङ्क लागत अनुमानभन्दा अस्वाभाबिक रुपमा ५.०५% ले बढी कबोल रही निजको बोलपत्र अस्वीकृत हुने अवस्थामा समेत विद्युतीय खरिद प्रणाली विपरीतको ७% छुट (Discount) उल्लिखित फरक Letter of Price Bid (Hard Copy) द्वारा सरकारी निकायको कागजातमा गैरकानूनी तरिकाले हेरफेर गरी गराई, हेरफेर गरिएको कागजातबाट ७% छुट (Discount) उल्लेख गरी लक्षित बोलपत्रदाताको कबोल अंकलाई लागत अनुमानमुनि हुने गरी मिलाई गलत प्रतिवेदनमार्फत बोलपत्र स्वीकृति, ठेक्का सम्झौता एवं भुक्तानी गरी गराइएको योजनाबद्ध कार्यहरुले मिलेमतोमा प्रतिस्पर्धा सीमित गरी ठेक्का प्रदान गरेको एवं योग्य न्यूनतम बोलपत्रदातालाई कानून विपरीत कायम गरिएको शर्तहरुको आधारमा अनुत्तीर्ण गरी गराई अधिकतम कबोल गर्ने जाग्रिति/एम.के./नेपाल जेभीको

बोलपत्र स्वीकृति, ठेक्का सम्झौता र भुक्तानी गरी गराएको कार्यले प्रतिवादीहरुलाई लाभ र नेपाल सरकार/प्रदेश सरकार/बुढीगंगा नगरपालिकाको सरकारी सम्पत्तिको हानिनोक्सानी भएको देखिएको,

बुढीगंगा नगरपालिका, बाजुरा सम्बन्धी महालेखा परीक्षकको कार्यालयको वार्षिक प्रतिवेदन, २०७९ मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६ (२ग) साथै २६ (३) विपरित मूल्याङ्कन समितिले कुल ४ वटा प्रस्तावमध्ये ३ वटा प्रस्तावलाई Construction experience in key activities मा योग्यता नपुगेको भनी असफल गरेको देखिएको, निर्माण कार्यसँग मात्र सम्बन्धित आइटम राखी निर्माण व्यवसायीलाई प्रतिस्पर्धा गराउनुपर्नेमा भवन निर्माण भएपश्चात आवश्यक पर्ने दुई आइटम (Installation of CCTV र 16 meter Highmast Lightening) को सामान खरिद तथा जडान कार्यको समेत मुख्य Activities मा राख्दा ३ फर्म प्राविधिक मूल्याङ्कनबाटै बाहिरिएको अवस्थाले समेत खरिद प्रक्रिया प्रतिष्पर्धात्मक भई मितव्ययी भएको भन्ने नदेखिएको उल्लेख भएको, सार्वजनिक खरिद अनुगमन कार्यालयको पत्रमार्फत उक्त खरिदको बोलपत्र सम्बन्धी कागजातको ITB २१.१(b) The required forms and documents shall be part of technical bids Table को ११ नं. बुँदामा "Site Visit" लाई Mandatory Document को रुपमा उल्लेख गर्नु र Other Eligibility मा समेत "Site Visit" लाई "must meet requirement" उल्लेख गरी बाध्यात्मक व्यवस्था गरी योग्य बोलपत्रदातालाई बाधा पुऱ्याउने वा औचित्य विना प्रतिस्पर्धालाई सीमित गर्ने एवं सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४५ र नियम ५१ विपरीतको कार्य गरेको, Construction Experience in Key Activities को 16 m Highmast lighting system, ४mp Full Color Al camera कार्यहरू भवन निर्माणसँग सम्बन्धित नदेखिएको उक्त कार्यहरू सरकारी कार्यालयमै भएको हुनुपर्ने र एउटै ठेक्कामा हुनुपर्ने प्रावधानले प्रतिस्पर्धा थप सीमित पार्ने, Key Activities एउटै ठेक्काबाट पुऱ्याउनुपर्ने प्रावधानले संयुक्त उपक्रम गरी आ-आफ्नो अनुभव जोडेर भाग लिन योग्य हुने संयुक्त उपक्रमका बोलपत्रदाताहरू सामेल हुन नपाउने तथा विभिन्न ठेक्कावाट अनुभव पुऱ्याउन सक्ने योग्य बोलपत्रदाताहरू अयोग्य ठहरिने र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ बमोजिम योग्य बोलपत्रदातालाई खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नुपर्नेछ भन्ने प्रावधानको बिपरित प्रतिस्पर्धा सीमित समेत भएको एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५८, विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० को दफा २८ तथा यस कार्यालयबाट जारी नमूना बोलपत्र सम्बन्धी कागजात SBD Procurement of Works NCB १S२E Bidding Procedures को Instruction to Bidders ITB Clause २४ बमोजिम बोलपत्रदाताले पेश गरेको बोलपत्र, बोलपत्र पेश गर्ने अन्तिम समय (Bid Submission Deadline) भित्र मात्र संशोधन फिर्ता गर्न सक्ने स्पष्ट व्यवस्था रहेको साथै नमूना बोलपत्र सम्बन्धी कागजातको ITB Clause... Clarification of Bids मा "No change in the substance of the Technical Bid or prices in the Price Bid shall be sought, offered, or permitted, except to confirm the correction of arithmetic errors discovered by the Employer in the evaluation of the Price Bids, in accordance with ITB 33." उल्लेख भए बमोजिम विद्युतिय खरिद प्रणालीमा पेश गरिएको Letter of Price bid बाहेक मूल्याङ्कन चरणमा फरक Letter of Price bid पेश गरी समावेश गर्न नमिल्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१(३) को व्यवस्था बाहेक निर्माण खरिदको मूल्याङ्कन चरणमा वार्ता-छलफलबाट डिसकाउन्ट अफर एवं कबोल रकम समायोजन गर्न नमिल्ने भन्ने समेत ब्यहोराको राय प्राप्त भएको।

ठेक्का नं. BM/NCB/W/01/077/78 “Construction of Budhiganga Municipality Building, Bajura” को ठेक्का प्रक्रियामा सहभागी भएका बोलपत्रदाताहरुको सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टलबाट आर्थिक प्रस्ताव खोलिएको मुचुल्का र सम्बन्धित बोलतपत्रदाताहरुको आर्थिक प्रस्ताव (Price Bid Response Document) मा रहेको तथ्य-विवरण उतार गरी तुलना गर्दा प्राविधिक मूल्यांकनमा एक मात्र सफल गरी गराई नगरपालिकासँग सम्झौता भएको बोलपत्रदाता (JAGRITI/MK/NEPAL JV) र न्यूनतम कबोल गर्ने बोलपत्रदाताको कबोल अंकको अन्तर रु.३,२७,७८,१७७।६५ (तीन करोड सत्ताइस लाख अठत्तर हजार एक सय सतत्तर रुपैयाँ पैसठी पैसा) हिनामिना हानिनोक्सानी गरेको देखिंदा यसरी बुढीगंगा नगरपालिकाका तत्कालीन नगर प्रमुख दीपक विक्रम शाह, प्रमुख प्रशासकीय अधिकृत प्रेम काजी महर्जन, निमित्त प्रमुख प्रशासकीय अधिकृत कल्पना कुमारी ठकुल्ला, प्रशासकीय अधिकृत नरेन्द्र नाथ, शिक्षा अधिकृत जयराज न्यौपाने, इन्जिनियर पारस खाती, सब-इन्जिनियर गणेशराज रेग्मी, असिस्टेन्ट सब-इन्जिनियर भिमराज गिरी, लेखापाल नवराज जोशी, खरिदार श्याम बहादुर खत्री, प्रशासन सहायक बसन्त

बहादुर थापा, ना.प्रा.स. सिद्धराज जैसी, जाग्रिति/एम.के/नेपाल जे.भी. धनगढी, कैलाली, उक्त जे.भी.का आधिकारिक प्रतिनिधि तथा जाग्रिति निर्माण सेवाको प्रबन्ध सञ्चालक पुष्कर रोकाया र जाग्रिति/एम.के/नेपाल जे.भी.को आधिकारिक प्रतिनिधि सुरत बहादुर शाह समेतको आपसी मिलोमतो तथा योजनामा प्रतिवादीहरुले आफूहरुलाई लाभ र बुढीगंगा नगरपालिका/सार्वजनिक संस्थालाई हानी नोक्सानी पुऱ्याउने बदनियतले कार्य गरी गराई बिगो रु.३,२७,७८,१७७।६५ (तीन करोड सत्ताइस लाख अठत्तर हजार एक सय सतत्तर रुपैयाँ पैसठी पैसा) हानि नोक्सानी पुऱ्याएकोले उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरु उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम समेतका देहायका कसूरमा देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | बुढीगंगा नगरपालिका, बाजुराका तत्कालीन नगर प्रमुख **दीपक विक्रम शाह** | रु.३,२७,७८,१७७।६५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु. तीन करोड सत्ताइस लाख अठत्तर हजार एक सय सतत्तर रुपैया पैसठी पैसा कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी बिगोसमेत सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन एवं सरकारी कागजात सच्याई गलत आर्थिक मूल्यांकन प्रतिवेदन दिई दिन लगाएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा ११ र दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन तथा निज सार्वजनिक संस्था बुढीगंगा नगरपालिकाको नगर प्रमुख भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद-२ (भ्रष्टाचारको कसुर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लेखित मागदाबी बमोजिमको कसुर गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन समेत मागदाबी लिइएको छ। |
| २. | बुढीगंगा नगरपालिका, बाजुराका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत **प्रेम काजी महर्जन,** तत्कालीन अधिकृत छैटौं (प्रशासन) **नरेन्द्र नाथ**, तत्कालीन इन्जिनियर **पारस खाती**, तत्कालीन सब-इन्जिनियर **गणेश राज रेग्मी** | **जनही**<br>रु.३,२७,७८,१७७।६५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु. तीन करोड सत्ताइस लाख अठत्तर हजार एक सय सतत्तर रुपैयाँ पैसठी पैसा कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी बिगोसमेत सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन एवं सरकारी कागजात सच्याई गलत आर्थिक मूल्यांकन प्रतिवेदन दिई दिन लगाएको हुँदा |

| | | | |
|---|---|---|---|
| | | | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा ११ र दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | बुढीगंगा नगरपालिका, बाजुराका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत (अधिकृत छैटौं) **कल्पना कुमारी ठकुल्ला** | रु.३,२७,७८,१७७।६५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु. तीन करोड सत्ताइस लाख अठत्तर हजार एक सय सतत्तर रुपैया पैसठी पैसा) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी बिगोसमेत सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन मागदाबी लिइएको छ। |
| ४. | बुढीगंगा नगरपालिका, बाजुराका तत्कालीन लेखापाल **नवराज जोशी** र खरिदार **श्याम बहादुर खत्री** | रु.३,२७,७८,१७७।६५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु. तीन करोड सत्ताइस लाख अठत्तर हजार एक सय सतत्तर रुपैया पैसठी पैसा कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी बिगोसमेत सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन एवं सरकारी कागजात सच्याई गलत आर्थिक मूल्यांकन प्रतिवेदन दिई दिन लगाएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा ११ र दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ५. | बुढीगंगा नगरपालिका, बाजुराका तत्कालीन शिक्षा अधिकृत **जयराज न्यौपाने**, असिसटेन्ट सबइन्जिनियर **भिमराज गिरी**, नायब प्राविधिक सहायक (ना.प्रा.स) **सिद्धराज जैसी** र प्रशासन सहायक **बसन्त बहादुर थापा** | रु.३,२७,७८,१७७।६५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु. तीन करोड सत्ताइस लाख अठत्तर हजार एक सय सतत्तर रुपैयाँ पैसठी पैसा कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी बिगोसमेत सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन मागदाबी लिइएको छ। |
| ६. | **जाग्रिति/एम.के/नेपाल जे.भी., धनगढी, कैलाली** | रु.३,२७,७८,१७७।६५ | मुख्य कसूरदारहरुले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा |

| | | | |
|---|---|---|---|
| | तथा जाग्रिति निर्माण सेवाको प्रबन्ध सञ्चालक **पुष्कर रोकाया** र जाग्रिति/एम.के./नेपाल जे.भी.को आधिकारिक प्रतिनिधि **सुरत बहादुर शाह** | | अन्य गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु. तीन करोड सत्ताइस लाख अठत्तर हजार एक सय सतत्तर रुपैयाँ पैसठी पैसा कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १९ को उपदफा (२) बमोजिमको कसूरजन्य कार्यको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १९ को उपदफा (२) बमोजिम हुने सजयालाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने

**Flow Chart**

**ठेक्का नं. BM/NCB/W/01/077/078, Construction of Budhiganga Municipality Building योजना निर्माणको क्रममा देखिएका घटनाक्रमः-**

| | |
|---|---|
| आ.व. २०७८।७९ को बजेट विनियोजन | नगर भवन निर्माण अन्तर्गत रु.३,००,००,०००।— बजेट विनियोजन |
| मिति २०७८।३।१५ गते शुरु लागत अनुमान र बहुवर्षीय खरिद गुरुयोजना स्वीकृत | → रु.८,४४,६२,७१८।४४ (VAT,PS,कन्टिजनेसी बाहेक)<br>→ रु.११,५६,२५,३३३।०७ (VAT,PS,कन्टिजनेसी समेत) |
| मिति २०७८।३।१८ मा नि.प्रमुख प्रशासकीय अधिकृत अध्यक्षमा बसेको बैठक निर्णय | प्रशासनिक भवनको डि.पी.आर.मा सिसि टिभी र लाईटको काम थपको लागि नगरपालिकामा अनुरोध गर्ने निर्णय। |
| विद्युतीय खरिद प्रणालीमार्फत मिति २०७८।३।३० गते तीस दिने बोलपत्र सूचना आहवान | → ठेक्का नं. BM/NCB/W/01/077/078<br>→ बोलपत्र पेश गर्ने अन्तिम दिनः २०७८।४।२९ गते |
| मिति २०७८।४।१५ गतेको नगर कार्यपालिका बैठक निर्णय | नगर भवन निर्माणमा साईट भिजिट अनिवार्य गर्ने, Highmast Light/Pole र AI Camera/CCTV कार्यको कार्य अनुभव राख्ने निर्णय |
| मिति २०७८।४।२० गते बोलपत्र संशोधन तथा कार्यअनुभब कायम सम्बन्धी टिप्पणी निर्णय | बोलपत्र कागजातमा साईट भिजिट अनिवार्य गर्ने, Highmast Light/Pole र AI Camera/CCTV कार्यको कार्य अनुभव राख्ने निर्णय |
| मिति २०७८।४।२० गते बोलपत्र सम्बन्धी कागजातमा पहिलो संशोधन (Addendum No.1) को प्रकाशन | <u>संशोधन गरिएको बोलपत्र मूल्यांकनको शर्तहरुः</u><br>→ ITB 21.1 र 2.1.6 Eligblity मा Site Visit थप<br>→ Specific construction experience मा 16 m highmast lighting system र 4mp Full color AI Camera को कार्य अनुभव कायम थप |
| मिति २०७८।४।२२ गतेको प्रि-बिड मिटिङ्ग निर्णय | ITB 21.1 को 11 नं बुँदामा साइट भिजिट कायम र Specific construction experience मा 16 m highmast lighting system र AI Camera को कार्य अनुभव कायम गर्ने निर्णय भएको |
| मिति २०७८।४।२६ गते दोस्रो लागत अनुमान(ल.ई) र बहुवर्षीय खरिद गुरुयोजना स्वीकृत | → रु.८,९४,६९,९३५।९४(VAT,PS,कन्टिजनेसी बाहेक)<br>→ रु.१२,२४,८१,३८७।८१(VAT,PS,कन्टिजेनसी समेत)<br>→ इष्टिमेट/ डि.पी आरमा थप गरिएको Item हरुः AI Camera/CCTV, High mast lamp/Pole |

मिति २०७८।४।२७ गते बोलपत्र कागजातमा दोस्रो संशोधन (Bid Addendum No.2)

→ **संशोधन गरिएको बोलपत्र मूल्यांकनको शर्तः**

→ Average Annual Construction Turonoverलाई रु.१२,४७,९०,०००/ बाट घटाई रू.८,००,००,०००/ कायम गरिएको।

⬇

मिति २०७८।४।२९ गतेको Technical bid opening मुचुल्का

→ चारवटा बोलपत्रदाताहरुले विद्युतीय बोलपत्र पेश गरेको

⬇

मिति २०७८।५।३१ गतेको प्राविधिक मूल्यांकन समितिको बैठकको निर्णय

→ तीन बोलपत्रदाताहरुको साइट भिजिट सम्वन्धी कागजात नभएकोले JAGRITI-MK-NEPAL JV मात्र योग्य Eligible Bidder को रुपमा आर्थिक मूल्यांकनको लागि छनौट गरिएको

⬇

मिति २०७८।६।१० गतेको आर्थिक मूल्यांकन समितिको निर्णय

→ जाग्रिति/एम.के./नेपाल जे.भी.ले ले Price Bid Response Document मा कबोल गरेको Total Item Price(भ्याट बाहेक) रु.९,३९,८७,४१०।५७ को कबोल अंक उक्त आयोजनाको स्वीकृत लागत अनुमान रु.८,९४,६९,९३५।९४ (भ्याट बाहेकको) भन्दा बढी रहेको अवस्थामा विद्युतीय खरिद प्रणाली भन्दा भिन्न ७% छुट (Discount) उल्लिखित Letter of Price Bid (Hard Copy) संलग्न राखी मूल्यांकन चार्ट तयार गरेको।

→ बोलपत्र स्वीकृति गर्ने आशयपत्र जारी गर्न सिफारिस गर्ने निर्णय गरिएको।

⬇

मिति २०७८।६।१८ गते बोलपत्र स्वीकृतिको टिप्पणी निर्णय स्वीकृत र मिति २०७८।६।२४ गते खरिद सम्झौता

→ सफल बोलपत्रदाताः JAGRITI-MK-NEPAL JV
कबोल अंक रु.९,९४,५१,३६९।६९
(मूअक र PS सहित) ]

⬇

निर्माण कार्यसम्पन्न बापतको कुल भुक्तानी रकम

→ १०,२२,१४,६१२।३८ (भ्याट र PS सहित)

⬇

मिति २०८१।८।१९ गते आयोगमा खोलिएको मुचुल्का

→ प्राविधिक मूल्यांकनमा एक मात्र सफल गरी सम्झौता गरिएको JAGRITI/M.K/NEPAL JV सँग गरिएको खरिद सम्झौताको रकम र न्यूनतम कबोल गर्ने बोलपत्रदाताको कबोल अंकको अन्तर रु.३,२७,७८,१७७।६५ (अक्षरेपी तीन करोड सत्ताइस लाख अठत्तर हजार एक सय सतत्तर रुपैया पैसठी पैसा) रहेको।